# मोड्युल ३

# तपाईंको प्रार्थनाको योजना तयार गर्नुहोस्।




यस तेस्रो मोड्युलमा तपाईँले प्रार्थनालाई कसरी प्राथमिकता दिने र प्रार्थनाका योजनाहरू कसरी बनाउने भनेर सिक्नुहुनेछ। चेलाहरूको गुणात्मक वृद्धि र अभियान सुरु भएको हेर्नलाई प्रार्थना अत्यन्तै महत्त्वपूर्ण छ। प्रत्येक पाठमा पढ्न र कार्यका कदमहरू पालना गर्न सामग्रीहरू समावेश गरिएका छन्।


पाठ १: प्रार्थना – किन महत्त्वपूर्ण छ।
पाठ २ :  हिड्दै प्रार्थना यात्रा कसरी गर्ने?
पाठ ३: तपाईंको अन्तरविन्तिको टोली निर्माण गर्ने र प्रार्थनामा परिचालन गर्ने।
पाठ ४: उद्धार नपाएका र उद्धार पाएका व्यक्तिहरूको सूची।
पाठ ५: हामीलाई पछाडि तान्ने बाधाहरूलाई पार गर्दै जानु।


**यस मोड्युलमा बुझ्न र छलफल गर्न मुख्य बुँदाहरू।**
**(यदि अरूसँग यो कोर्स मार्फत काम गर्दै हुनुहुन्छ भने)**

- गुणात्मक बृद्धि र अभियानका लागि असाधारण प्रार्थना प्रमुख चाबि हो।
- तपाईँको समुदायमा सुसमाचारको लागि जमिन तयार पार्ने एउटा प्रभावकारी तरिका भनेको प्रार्थना पद यात्रा हो।
- प्रार्थना परिचालन गर्ने र प्रार्थना टोली निर्माण गर्ने  धेरै रचनात्मक तरिकाहरू त्याहाँ छन् ।
- उद्धार नपाएका र उद्धार पाएकाको सूची प्रयोग गरी दैनिक रुपमा प्रार्थना गर्नु एक प्रभावकारी रणनीति हो।
- परमेश्वरले हामीलाई हरेक बाधाहरू पार गर्नलाई मद्दत गर्नसक्नुहुन्छ।

मोड्युल ३ - पुरा गर्नुपर्ने मुख्य कार्यहरू:


१ हिड्दै प्रार्थना यात्रा गर्नुहोस्।

२ अन्तिम दर्शन र सेवाको लागि नियमित रूपमा मध्यस्थता गर्ने समुह बनाउन सुरु गर्नुहोस् र काम गर्नुहोस्।

३ उद्धार नपाए र उद्धार पाएकाको सूची बनाउनुहोस् र दैनिक रुपमा तिनीहरुका लागि प्रार्थना गर्न सुरु गर्नुहोस्।

४ पछाडि पार्ने बाधाहरूलाई पहिचान गर्न र त्यसलाई पार गर्नलाई प्रार्थना गर्न सुरु गर्नुहोस्।

आफ्नो व्हाट्सएप वा सिग्नल समूहमा यी सबै कुराहरू पठाउनुहोस्।



# पाठ १
# प्रार्थना – किन महत्त्वपूर्ण छ ?



## आफ्नो व्यक्तिगत प्रार्थनाको मूल्याङ्कन गर्नुहोस्।

यदि तपाइँ कुनै अभियान सुरु भएको हेर्न चाहनुहुन्छ भने प्रार्थना गर्ने व्यक्ति बन्नु एकदमै महत्वपूर्ण छ। तपाइँ अहिले कहाँ हुनुहुन्छ? र कहाँ पुग्न चाहनुहुन्छ ? र तपाई एक मध्यस्थकर्ता र प्रार्थनाको योद्धाको बन्न चाहनुहुन्छ?

## तपाइँ अहिले कहाँ हुनुहुन्छ ?

तपाइँको प्रार्थनाको जीवनशैली नियम पुरा गर्न मात्र अड्किनु लाभदायीक हुदैन। बरु त्यस्तो जीवनशैली अगाडि बढाउनुहोस् जसले तपाइँलाई वास्तवमै गुणात्मक बृद्धि गर्न मद्दत गर्छ। किनकी अभियानको सुरुवाती समयमा ठूलो आत्मिक युद्धहरु समावेश हुन्छन्। त्यसैले नियमित र प्रतिबद्ध प्रार्थना अत्यन्तै महत्वपूर्ण छ।

तपाइँ कहाँ हुनुहुन्छ भनेर मूल्याङ्कन गर्न यी प्रश्नहरूको उत्तर दिनुहोस्र तपाइँको उत्तर आफ्नो नोटबुकमा लेख्नुहोस्।

1. तपाई प्रार्थनाप्रति आफ्नो भावनाहरूलाई कसरी वर्णन गर्नुहुन्छ? (रमाइलो, कर्तव्य, कठिन, आदि)
2. के तपाइँको दैनिक प्रार्थना गर्ने बानी छ? दिनको कुनै विशेष समय प्रार्थनामा प्रभुलाई खोज्नको लागि छुट्याउनु भएको छ? छुट्याउनुभएको छ भने कहिले?
3. आफ्नै आवश्यकताको लागि मात्र नभई हराएकाहरूको लागि पनि प्रार्थना गर्न कतिको स्थिर हुनुहुन्छ ? तपाइँ पुग्न चाहनुभएको समुदायको लागि पनि?

**तपाईँले परिवर्तन गर्न चाहनुहुने क्षेत्रहरू विचार गर्नुहोस् र अगाडि बढ्नुहोस्।**

1. तपाईँ व्यक्तिगत (एक्लै) प्रार्थना गर्न वा सामूहिक (अरूसँग मिलेर गर्ने) प्रार्थना गर्नलाई सजिलो महसुस गर्नुहुन्छ? कुन प्रकारको प्रार्थना तपाईं नियमित रूपमा धेरै गर्नुहुन्छ?
2. तपाईँ आफ्नो प्रार्थनाको जीवनमा के फरक देख्नन चाहनुहुन्छ?

**तपाईँ कहाँ हुन चाहनुहुन्छ ?**

अब केही लक्ष्यहरू निर्धारण गर्ने समय आएको छ। एकछिन रोकिनुहोस् र यस प्रक्रिया मा तपाईँलाई बाटो देखाउनका लागि प्रभुलाई अनुरोध गर्नुहोस्। प्रार्थनाको जीवनमा प्रार्थनाको गुणस्तर र प्रार्थनाको परिमाण बढाइ वास्तविक परिवर्तनहरू गर्न उहाँको अनुग्रह र सहयोगको लागि प्रार्थना गर्नुहोस्।

1. तपाईँको विचारमा, तपाईँले प्रार्थनामा कति समय बिताएको प्रभु चाहनुहुन्छ? प्रत्यक दिन ? वा हरेक हप्ता ?
2. हराएका आत्माहरु र चेला बनाउँदै गरेका व्यक्तिहरूको लागि प्रार्थना बढाउन आउने सबैभन्दा ठूला बाधाहरू के के हुन्? तपाईँले ती बाधाहरु कसरी पार गर्न सक्नुहुन्छ?
3. आगामी महिनामा तपाई आफ्नो व्यक्तिगत प्रार्थनाको जीवनका लागि कस्तो लक्ष्य निर्धारण गर्न चाहनुहुन्छ? तपाईँ यो लक्ष्यहरू कोसँग बाँड्नुहुनेछ र यसबारे जवाफदेही हुनुहुनेछ?

**आफ्नो लक्ष्यहरू बाँड्नुहोस्।**

जब हामी अरूसँग साझेदारी काम गर्छौं तब हामी जीवन परिवर्तन गर्न बढी सफल हुन्छौँ । तपाईको आफ्नो प्रार्थनाको जीवनमा गर्न चाहनुभएको परिवर्तनहरूको लागि कोही एकसँग जवाफदेही बन्नुहोस् ।

आफ्नो लक्ष्य आजै WhatsApp समूहमा वा आफ्नो प्रशिक्षकसँग बाड्नु होस्।

**कार्यका कदमहरू :**

**१) यस पाठमा सोधिएका प्रश्नहरूको उत्तर आफ्नो नोटबुकमा लेख्नुहोस्।**

**२) व्यक्तिगत प्रार्थनाका लक्ष्यहरू तय गर्नुहोस।**

**३) ति लक्ष्यहरू कसैसँग बाँड्नुहोस र प्रगतिको लागि तपाईँलाई जवाफदेही बनाउन उनीहरूलाई भन्नुहोस्।**

## पाठ २
# हिंड्दै प्रार्थना यात्रा कसरी गर्ने?



### शक्तिशाली प्रार्थना यात्रा।

### हिड्दै प्रार्थना यात्रा भनेको के हो?

धेरै मण्डली स्थापना गर्ने व्यक्तिहरू र चेला बनाउनेहरूले नयाँ क्षेत्रमा सुरुवात गर्दा हिड्दै गरीने प्रार्थना यात्रालाई आफ्नो प्रार्थना रणनीतिको एक महत्वपूर्ण भाग भएको पाएका छन्।

हिड्दै प्रार्थना यात्रा गर्ने क्रममा परमेश्वरले  तपाईँको हृदयमा राख्नुभएको क्षेत्रको वा ठाउँको सडक वा गल्लीहरूमा बिस्तारै हिँड्न समय निकाल्नुहोस्।

जब तपाईँले पवित्र आत्माको कुरा सुनेर त्यस क्षेत्रको अवलोकन गर्नुहुन्छ तब तपाईँले त्यहाँको आवश्यकता र अवसरहरुलाई थाहा गर्नुहुन्छ । आशिषका कुराहरू बोल्दै र हरेक भूमिलाई परमेश्वरको राज्य आउन लागेको ठाउँको रूपमा दाबी गर्दै तपाईँले त्यहाँ परमेश्वरको उपस्थितिलाई महसुस गर्न सक्नुहुन्छ। यस गतिविधिलाई गर्न गाह्रो छैन तर त्यस ठाउँमा येशूलाई पछ्याउनेहरूको अभियानको जग बसल्दा यसले ठूलो प्रभाव पार्न सक्छ।

हिँड्दै प्रार्थना यात्रा गर्ने अभ्यास सुरु गर्दा यस मार्गदर्शनले तपाईँलाई प्रार्थना सुरु गर्न मद्दत गर्नेछ।

**आफ्नो हिँड्दै गरिने प्रार्थना यात्राको लागि तयारी गर्नुहोस्।**

### आफ्नो भित्री हृदयबाट सुरु गर्नुहोस्।

प्रार्थनामा जानुभन्दा पहिले समुदायको लागि एक मध्यस्थताको कार्यमा संलग्न हुन आफ्नो हृदयलाई तयार पार्न छोटो समय निकाल्नुहोस्। परमेश्वरलाई छोटो आराधना अर्पण गर्नबाट सुरु गर्नुहोस्। त्यसपछि आफ्नो हृदयको खोज्नुहोस्, र परमेश्वरलाई आफ्नो हृदयमा बोल्ने मौका दिनुहोस्। परमेश्वर वा अरूसँग सही हुनको लागि तपाईँलाई आवश्यक पर्ने कुराको बारेमा पनि परमेश्वरलाई तपाईसँग कुरा गर्न अनुमति दिनु होस्। आफूले गरेको हरेक पाप स्वीकार गर्नुहोस् र परमेश्वरसँग क्षमा माग्नुहोस् र परमेश्वरले तपाईँलाई उहाँको अगाडि शुद्ध हुन देखाउनुभएको कुराहरु गर्नुहोस्।

### समय सीमाको निर्धारण गर्नुहोस्।

जुन तपाईँसँग निर्भर छ। हामी सामान्यता एक वा दुई घण्टाको समय सिफारिस गर्छौं। अन्य मध्यस्थकर्ताहरूसँग तपाईँ पुन कहिले र कहाँ भेट्नुहुन्छ भनी निर्णय गर्नुहोस ।

### तपाईँ कहाँ जानुहुनेछ भनेर स्पष्ट रूपमा निर्णय गर्नुहोस्।

धेरैजसो समुहहरूले नक्सा प्रयोग गरेर क्षेत्रलाई चरणबद्ध रूपमा ढाक्ने स्पष्ट योजना बनाउन मन पराउँछन्। सायद एक हप्तामा तपाईँले एउटा खण्ड ढाक्नुहुन्छ र प्रत्येक क्षेत्रमा हिड्दै प्रार्थना यात्रा गर्ने क्रममा शहरका सबै भागहरुमा प्रार्थनाका यात्रुहरु पुग्ने गरि अघि बढ्नुहोस।

### आफ्नो सामग्री तयार गर्नुहोस्।

हिँड्दै गर्दा परमेश्वरले दिनुभएको पदहरू, देखाउनु भएको प्रकाशहरु वा अन्तर्दृष्टिहरू लेख्नका लागि सानो नोटबुक साथमा लैजानु राम्रो हुन्छ। प्रायः प्रार्थनाका पदहरू र परमेश्वरका प्रतिज्ञाहरू लेखिएको एउटा कागजको पाना पनि साथमा लैजानु उपयोगी हुन्छ।



## हिँड्दै प्रार्थना यात्राका गतिविधिहरू

### तपाईँ जहाँ जहाँ जानुहुन्छ त्यहाँ परमेश्वरको आशिषको घोषणा गर्नुहोस्।

परमेश्वरले यहोशूलाई भन्नुभयो कि उनले जहाँ पाइलो टेक्छन्, त्यो ठाउँ उहाँले दिनुहुनेछ। जब हामी परमेश्वरको राज्यका लागि नयाँ क्षेत्रहरू लिन अघि बढ्छौं, यो प्रतिज्ञा हाम्रो लागि पनि हुन्छ। हामी त्यो ठाउँमा परमेश्वरको आशीर्वाद घोषणा गर्छौं र आत्मिक अर्थमा त्यो भूमि उहाँको क्षेत्रको रूपमा दाबी गर्छौं। हामी घोषणा गर्छौं कि परमेश्वरको राज्य सो क्षेत्रमा आएको छ, र त्यहाँ उहाँको उद्धारको कार्यलाई स्वागत गर्छौं।

### प्रार्थनाका बाइबल खण्डहरु:

हिँड्दै प्रार्थना यात्रा गर्दा बाइबलको बचन प्रयोग गर्नु अत्यन्त शक्तिशाली र प्रभावकारी हुन सक्छ।

यो एउटा एकदमै सजिलो अभ्यास हो। जब तपाई बाइबलको वचन पाठ गर्दा त्यस क्षेत्रको नाम राख्दै त्यस क्षेत्रको लागि प्रार्थना  गर्नुहोस्। तपाईँले पछ्याउन सक्ने केही उदाहरणहरू तल दिएका छन् । यद्यपि रचनात्मक हुनुहोस् र तपाईँको सडक, छिमेक वा क्षेत्रको लागि विशेषगरी सान्दर्भिक पदहरुमा पवित्र आत्मालाई अगुवाई गर्न दिनुहोस।

**उदाहरणहरू:**

भजनसङ्ग्रह २३ : १-३

परमप्रभु मेरा गोठाला हुनुहुन्छ, **डाँडापारि गाउँ** तिमीलाई केही कुराको अभाव हुँदैन। उहाँले तिमीलाई हरियो खर्कमा लेटाउनुहुन्छ,  र तिमीलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ। उहाँले डाँडापारि गाउँको प्राणलाई पुनर्जीवित पार्नुहुन्छ। उहाँले आफ्नो नाउँको खातिर डाँडापारि गाउँलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ।

व्यवस्था २८ : १-४  **डाँडापारि गाउँ,** आज मैले तिमीहरूलाई आदेश दिए बमोजिम तिमीहरूले होसियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको बचन पालन गऱ्यौं भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरू मध्ये श्रेष्ठ तुल्याउनुहुनेछ। **डाँडापारि गाउँ,** यदि तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरमाथि विश्वास गऱ्यौं भने यी आशिषहरू तिमीहरू माथि आउनेछन् र तिमीहरूलाई परमेश्वरले साथ दिनुहुनेछ। तिमीहरूका सहरहरूमा र देशहरूमा उहाँले आशिष पठाउनुहुनेछ। **डाँडापारि गाउँ,** का मानिसहरू, तिमीहरूले गरेको मेहनतको फलमा उहाँले आशिष दिनुहुनेछ, तिमीहरूको गर्भको फलमा आशिष पाउनेछौ । जमिनको बाली र तिमीहरूको गाईवस्तुका बच्चाहरूमा आशिष पठाउनुहुनेछ। तिमीहरूको घोडाका बाच्छाहरू र तिमीहरुका बथानका भेडाहरूमा उहाँले आशिष पठाउनुहुनेछ।

## बाँध्ने र फुकाउने

मत्ती १८:१८ “साँचै म तिमीहरूलाई भन्दछु तिमीहरूले पृथ्वीमा जे बाँधछौँ त्यो स्वर्गमा बाँधिनेछ अनि तिमीहरूले पृथ्वीमा जे फुकाउछौँ त्यो स्वर्गमा फुकाइनेछ”। तपाईँलाई ,दुष्टतालाई झुकाउने र त्यसलाई बन्दी बनाउने अधिकार दिइएको छ। यी अधिकारहरूलाई प्रयोग गर्नुहोस् र त्यो आत्मालाई आदेश दिनुहोस् जसले वर्षौंदेखि त्यस क्षेत्रका मानिसहरूलाई बाँधी राखेको छ। साथै परमेश्वरको आत्मा र पवित्र स्वर्गदूतहरूलाई परमेश्वरको सुसमाचारको सन्देशवाहकका रूपमा सक्रिय हुन त्यही समय स्वागत गर्नुहोस्। यदि तपाईँले पहिले कहिले यो प्रार्थना गर्नुभएकव छैन भने यव अनौठो अभ्यास जस्तो लाग्न सक्छ तर उहाँको नाममा विश्वासको हाम्रो साधारण प्रार्थनामा पनि ठूलो शक्ति छ।

एकदमै सरल तरिकाले प्रार्थना गर्नुहोस् जस्तै, “येशू ख्रिस्टको अधिकारले हामी यहाँ दुष्ट आत्माहरुलाई काम गर्नबाट बाध्छौँ, हामी यहाँ मानिसहरूलाई अन्धकार र बन्धनमा राख्ने शत्रुको प्रयासलाई बाध्छौँ। बरु हामी ति मानिसहरूलाई येशूको प्रेम र भलाइको सत्य सुन्न र बुझ्न स्वतन्त्र बनाउँछौँ । स्वर्गदूतहरूलाई त्यस ठाउँमा काम गर्न र मानिसहरूलाई परमेश्वरको सन्देशको सम्पर्कमा ल्याउन यहाँ सक्रिय हुन हामी आमन्त्रित गर्छौं”।

जब तपाईँले यसो गर्नुहुन्छ तब कराउनु वा ठूलो स्वरमा बोल्नु र ठूलो माहोल बनाउनु पर्दैन। केवल उहाँको अधिकारको साथ प्रार्थना गर्नुहोस् र विश्वास गर्नुहोस् कि तपाईँले त्यसो गर्दा परमेश्वरले काम गरिरहनुभएको छ। यसको ठूलो प्रभाव पर्नेछ।

## योजना बनाउनुहोस्।

१ तपाईँ आफ्नो पहिलो प्रार्थना पद यात्रा कहिले गर्नुहुनेछ?
२ यसमा को को सहभागी हुनेछन्?
३ तपाईँ कहाँ कहाँ जानुहुन्छ?

माथिको प्रश्नहरूको उत्तर हामीलाई व्हाट्सएप ग्रुप वा कमेन्ट सेक्सनमा जानकारि गराउनुहोस्। यसो गरेपछि हामीलाई पनि जानकारि दिनुहोस्। किनकि तपाईँको अनुभवले अरूलाई प्रोत्साहन र प्रेरणा दिनेछ।

**कार्यका कदमहरू**

१) एक वा दुई जना साथी खोज्नुहोस् र उनीहरूलाई सोध्नुहोस्। तपाईँ चेला बनाउने यात्राको सहकर्मि प्रशिक्षक को रुपमा सहकार्य गर्न सक्नुहुन्छ कि?

२) उहाँहरूसँग पहिलो भेटघाटको समय निकाल्नुहोस्

३) मैत्रीपूर्ण जवाफदेहीता र साथीहरूको प्रशिक्षण सुरु गर्नुहोस्!




मैले मोशालाई जे बाचा गरेको थिए त्यो म तिमीहरूलाई पनि गर्छु: "तिमीहरूका पैतालाले कुल्चने सबै ठाउँ म तिमीहरूलाई दिनेछु।

यहोशू १:3

## पाठ ३:
## तपाईंको अन्तरविन्तिको टोली निर्माण गर्ने र प्रार्थनामा परिचालन गर्ने



**तपाईको क्षेत्रमा यस अभियानको लागि प्रार्थना गर्न मानिसहरूलाई परिचालन गर्नु अत्यन्त महत्वपूर्ण छ।**

### आफ्नो प्रार्थना टोली परिचालन योजना बनाउनुहोस्।

तपाई र तपाईंको टोलीले तपाईंको क्षेत्र र मानिसहरूको र समूहको लागि प्रार्थना गर्न अरुलाई कसरि परीचालन गर्ने भनि प्रार्थना सहित निर्णय गर्नुहोस् यी प्रश्नहरूको उत्तर तपाईंको नोटबुकमा लेख्नुहोस्।

1. तपाई अभियानको लागि प्रार्थना गर्न कतिजना मध्यस्थकर्ताहरु खडा गर्ने प्रयास गर्नुहुनेछ?
2. तपाईंको टोलीमा मुख्य सञ्चारको जिम्मेवारी कसले लिनेछ?
3. तपाईँको क्षेत्रमा हराएका (उद्धार नपाएका) हरूको तत्काल आवश्यकताहरू बाँड्न र अभियानको लागि प्रार्थना परिचालन गर्न तपाईँ के कस्ता रचनात्मक तरिकाहरू प्रयोग गर्नुहुनेछ?

(प्रार्थना क्यालेन्डर, भिडियो, प्रार्थना पुस्तिका वा एप)

### मध्यस्थकर्ताहरूसँग सञ्चार गर्नुहोस्।

प्रार्थना गर्न चाहने मानिसहरू पाउनु भएपछि तपाईँ तिनीहरूलाई कसरी जानकारि दिदै उत्साहित राख्नुहुनेछ? यस कुराको दिगो पनका लागि निरन्तर सञ्चारको आवश्यकता पर्छ।

- प्रभावकारी सञ्चारको लागि टोलीका विभिन्न सदस्यहरूको वरदान र सीपको प्रयोग गर्नुहोस। केही राम्रा प्रचारक, वक्ता, लेखक फोटोग्राफी वा भिडियोमा रचनात्मक, फोनमा कुरा गर्न मन पराउने आदि हुन सक्छन्।
- तपाइँ र उहाँहरू कुन सञ्चार माध्यममा सबैभन्दा सहज महसुस गर्नुहुन्छ? (आमनेसामने, फेसबुक वा वाट्सएप, इमेल लेख्नु, म्यासेज लेख्नु, फोनमाकुरा गर्नु आदि)
- तपाईंले प्रार्थना मध्यस्थकर्ताहरूलाई कति पटक जानकारि गराउने योजना बनाउनु भएको छ? (हामीले कम्तीमा महिनामा एकपटक जानकारि गराउने सुझाव दिन्छौं, तर साप्ताहिक रूपमा पनि हुन सक्छ)

### आफ्नो योजना लेख्नुहोस्

तपाइँको प्रार्थना परिचालन योजनाका विवरणहरू सूचीबद्ध गर्नुहोस्। सञ्चार कहिले गर्ने र त्यसको जिम्मेवारी कसले लिनेछ भन्ने मिति सहित उल्लेख गर्नुहोस्। पहिले, तपाईंले कसलाई प्रार्थनाका लागि सक्रिय पार्नुहुन्छ र कसरी गर्नुहुन्छ भन्ने वर्णन गर्नुहोस्। त्यसपछि, तपाईंको चेला बनाउने दर्शनका लागि मध्यस्थ कर्ताको रुपमा तपाईसगँ सहभागि हुन प्रतिबद्धता जनाउनेहरूलाई कसरी निरन्तर प्रेरणा र उत्साह दिइरहने भन्ने वर्णन गर्नुहोस्।

आगामी केही हप्ता र महिनामा तपाईं के गर्नुहुनेछ भन्ने कुराबाट सुरु गर्नुहोस्। त्यसपछि, योजनाले कत्तिको राम्रोसँग काम गरिरहेको छ र के परिवर्तन गर्न आवश्यक छ भन्ने मूल्याङ्कन गर्न सक्नुहुन्छ।

## कार्य कदमहरू:

१) प्रार्थनामा तपाईं सँगै साझेदारी हुन तपाईले आमन्त्रित गर्नुभएका व्यक्तिहरूको सूची बनाउनुहोस्।
२) उहाँहरूसँग प्रयोग गर्न सकिने एउटा सरल शैली बाढ्नका लागि तयार गर्नुहोस्।
जस्तै: केही तस्वीर सहितको प्रार्थनाका विषयहरू ।
३) तपाईंको जनसमूहमा यस अभियानको लागि प्रार्थनामा सहभागी हुनका लागि मानिसहरूलाई निमन्त्रणा गर्न कुनै एक व्यक्तिलाई जिम्मेवारी दिनुहोस्।

# पाठ ४
# उद्धार नपाएका र उद्धार पाएका व्यक्तिहरूको सूची



## हराएका (उद्धार नपाएका)र सुरक्षित भएका (उद्धार पाएका) T4T सूची भनेको के हो?

के बगैँचामा काम गर्न वा भान्सामा काम गर्नको लागि तपाईसगँ मनपर्ने कुनै उपकरण छ? धेरैजसो एउटा मनपर्ने चक्कु हुन्छ। त्यो धारिलो हुन्छ र यसको विड पनि सजिलो आकारको हुन्छ। यसले प्रायः सबै चिज काट्नका लागि राम्रोसँग काम गर्छ। यदि एउटै समयमा दुई जना भान्सामा काम गर्दै छन् भने, कहिलेकाहीँ त्यो चक्कु कसले प्रयोग गर्ने भनि प्रतिस्पर्धा पनि हुन्छ! प्रगति देख्न र प्रभावकारी बन्नका लागि उपकरणहरू अत्यन्त महत्वपूर्ण हुन्छन्। T4T हराएका र उद्धार पाएका व्यक्तिहरूको सूची चेला बनाउने अभियानहरू (DMMs) मा प्रयोग गर्न सकिने सबैभन्दा राम्रो उपकरणहरूमध्ये एक हो। यसद्वारा मानिसहरूलाई DMM सुरु गर्न प्रशिक्षण दिन तपाईंलाई सहयोग गर्छ।

## के कुराले यो उपकरणलाई शक्तिशाली बनाउँछ?

यो उपकरणको सरलता र शक्ति  साँचै अद्भुत छ। यसले हामीलाई हाम्रो जीवनमा भएका ती व्यक्तिहरू पहिचान गर्न मद्दत गर्छ जससँग हाम्रो पहिलेबाटै सम्बन्ध छ, तर जसले प्रभुलाई अझै चिन्न सकेका छैनन्। यस सूचीले हामीलाई कसलाई तालिम दिन सुरु गर्न सकिन्छ भन्ने कुरा पनि देखाउँछ। हामीले पहिलेबाटै चिनेका व्यक्तिहरूको यो सूची प्रयोग गर्दा, हाम्रो सोचमा परिवर्तन आउँछ। हामी केवल तालिम लिने मात्र नभई प्रशिक्षकहरूको प्रशिक्षक हो भन्ने सोच विकास हुँदै जान्छ। यसले हामीलाई नियमित रुपमा प्रार्थनाको अभ्यासमा पनि लैजान्छ, जसले हाम्रो चेला बनाउने सेवामा गहिरो प्रभाव पार्नेछ।

हराएका (उद्धार नपाएका)र सुरक्षित गरिएका (उद्धार पाएका) को सूची बनाउन सिक्नुहोस्।

हामीले पहिलो पटक (T4T) सुरु गर्ने व्यक्ति यिङ काई बाट हराएका र उद्धार पाएका व्यक्तिहरूको सूची बनाउने कुरा सिक्यौं।



*Ying and Grace Kai of T4T (Training for Trainers).*

हामीलाई यो शैलीका बारेमा सिकाउनु भएकोमा हामी उहाँप्रति धेरै आभारी छौं! यिङ काईले हाम्रो क्षेत्रमा आएर हामीलाई T4T को लागि एक सेमिनार सञ्चालन गर्नुभयो।

उहाँले हामीलाई गराउनु भएको पहिलो अभ्यास एउटा कागजमा दुई स्तम्भको सूची तयार पार्न हो। एक तर्फ हामीले चिनेका "हराएका"अर्थात उद्धार नपाएका मानिसहरूको सूची लेख्नुपर्ने थियो भने अर्को तर्फ हामीले चिनेका "उद्धार पाएका" सुरक्षित गरिएका मानिसहरूको सूची लेख्नुपर्ने थियो।

त्यसपछि, यिङले हामीलाई ती दुई सूचीमा रहेका मानिसहरूको लागि विस्तृत रुपमा दैनिक प्रार्थना गर्न चुनौती दिनुभयो। उनीहरूको लागि दैनिक रुपमा नियमित प्रार्थना गर्नु नै सुरुवात बिन्दु थियो । प्रार्थना गर्दा, हामीले प्रत्येक स्तम्भबाट ५-५ जनालाई छनौट गर्नुपर्थ्यो जोसँग हामीले कार्य गर्नेछौं।

"हराएका" मानिसहरूका लागि, हामीले त्यो हप्ता हाम्रो गवाही बाँड्न ५ जना मानिसहरू छान्नुपर्थ्यो। हामीसगँ त्यहाँ १५ वा २० जनाको नाम हुन सक्छ। हरेक दिन उहाँले हामीलाई प्रोत्साहन दिनुभयो, हरेक दिन हामीले प्रत्येक व्यक्तिको लागि प्रार्थना गर्नुपर्छ। तर हामी केवल प्रार्थना गरेर मात्र रोकिँदैनौं। प्रार्थना गर्दै गर्दा, हामीले सुसमाचार पनि बाँड्नु पर्छ।

अर्को पक्षमा पनि त्यस्तै हो। "उद्धार पाएका" मानिसहरू ती हुन् जसलाई हामीले तालिम दिन सक्छौं! जब हामी आफ्ना गवाही र येशूको कथा बाँड्ने तरिकाहरु सिक्दै जान्छौं, हामी उनीहरूलाई पनि त्यस्तै गर्न तालिम दिन सक्छौं। यी व्यक्तिहरूका लागि पनि हामीले नियमित रूपमा प्रार्थना गर्न आवश्यक छ। परमेश्वरले उनीहरूलाई आफ्नो विश्वास निडरताका साथ बाँड्न मद्दत गर्नु भएकोहोस् भनि प्रार्थना गरौं ।
हामीले दिएको तालिम उनीहरूले व्यवहारमा लागू गरून् भनि प्रार्थना गरौं । हामी उनीहरूको जीवनका अन्य आवश्यकताहरूको लागि पनि प्रार्थना गर्छौं।

हराएका र उद्धार पाएका व्यक्तिहरूको सूची बनाउने र त्यसलाई दैनिक रूपमा प्रयोग गर्न जारी राख्नु अत्यन्त शक्तिशाली शैली (उपकरण) हो! यसले मेरो व्यवहारलाई परिवर्तन गरिदियो र मलाई अझ बढी फलवन्त बनायो। हामीले यो शैली सयौं स्थानीय विश्वासीहरू, मण्डली स्थापनाकर्ता, र प्रशिक्षकहरूलाई सिकाएका छौं। हामीले देख्यौं कि यसले उनीहरूको जीवन पनि परिवर्तन गर्यो र उनीहरूलाई अझ फलवन्त बनायो।

## यो शैली (उपकरण) किन प्रभावकारी छ।

१) उद्धार पाएका व्यक्तिहरूको सूचीले हामीलाई आफैंलाई प्रशिक्षकहरूको प्रशिक्षकको रूपमा देख्न मद्दत गर्छ। यसले हाम्रो सोचाईमा परिवर्तन ल्याउँछ। हामी केवल तालिम लिने मात्र होइनौं, हामीले जानेको कुरा अरूलाई पनि बाँडिरहेका छौं। यसले हामी कसलाई तालिम दिन सक्छौं भनेर पहिचान गर्न सहयोग गर्छ। तपाईंले तालिम दिइरहनु भएका मानिसहरूको “उद्धार पाएकाको सूची” दोस्रो पुस्ताका समूहहरूको सुरुवात हुन सक्छ। तर पहिले हाम्रो सोचाइ परिवर्तन गर्न आवश्यक छ। प्रशिक्षकहरूको प्रशिक्षक बन्नेतर्फ परिवर्तन हुनुपर्छ।

२) विशेष गरी हराएका मानिसहरूको लागि दैनिक प्रार्थना गर्दा तिनीहरूप्रति हाम्रो माया, उत्साह, र निडरता बढ्छ। जब हामी मानिसहरूको लागि प्रार्थना गर्छौं, हाम्रो हृदय उनीहरूसँग अझ नजिक हुन्छ। हामीले तिनीहरूप्रति परमेश्वरको हृदय महसुस गर्न थाल्छौं। यसैले हामीले अरू कुराहरू त्यागेर उनीहरूका लागि समय खर्च गर्न कति तयार छौं भन्ने कुरामा प्रभाव पार्छ। हामीले हरेक दिन यस सूचीका लागि प्रार्थना गर्दा हाम्रा प्राथमिकताहरू परिवर्तन हुन थाल्छन्।

३) हराएका मानिसहरूको सूची हुनाले उनीहरुसँग सम्बन्ध विकास गर्न हामीलाई अझ उद्देश्यपूर्ण बनाउँछ। अब हामीले तरकारी बेच्नेहरू र सडक सफा गर्नेहरूलाई पनि ध्यान दिन थाल्छौं। यसले हामीलाई उनीहरूसँग धेरै कुरा गर्न प्रोत्साहित गर्छ। अनि हामीले उनीहरूको नाम जान्न चाहन्छौं र उनीहरूका बारेमा प्रार्थना गर्न पर्याप्त जानकारी लिन चाहन्छौं। हामी उनीहरूलाई पनि आफ्नो हराएकाहरुको सूचीमा थप्न चाहन्छौं।

४) यसले निडरता बढाउँछ। जब हामी हाम्रो “हराएका व्यक्तिहरूको सूची” का लागि दैनिक प्रार्थना गर्छौं, र तीमध्ये ५ जनासँग सुसमाचार बाँड्ने प्रयास गर्छौं, तब हामी झनै निडर बन्न थाल्छौं। अब हामी येशूको बारेमा कुरा गर्ने अवसरहरू खोज्न थाल्छौं। उनीहरूले व्यक्त गर्ने आवश्यकताहरूमा हामी सजग हुन्छौं र ती परिस्थितिहरूमा अझ सक्रिय रूपमा कदम चाल्छौं। जब उनीहरू बिरामी हुन्छन्, हामी आफैँले उनीहरूका लागि प्रार्थना गर्न प्रस्ताव गरिरहेका हुन्छौं।

जब हामी यी मानिसहरूको लागि नाम लिएर दैनिक रूपमा प्रार्थना गर्छौं तब हाम्रो साहस अविश्वानिय ढङ्गले दैनिक रूपमा बढ्दै जान्छ।

## आजबाट नै सुरु गर्नुहोस्!

के तपाईं सँग हराएका (उद्धार नपाएका) र उद्धार पाएका व्यक्तिहरूको सूची पहिले देखि नै छ? यदि छ भने, ती नामहरूका लागि प्रत्येक दिन प्रार्थना गर्ने निश्चित समय तोक्नुहोस् र तिनीहरूलाई प्रभू समक्ष प्रार्थनामा उठाउनुहोस्। यसलाई बानीको रूपमा विकास गर्नुले तपाईंको चेला बनाउने प्रयासमा ठूलो परिवर्तन ल्याउनेछ।

यदि तपाईंले पहिले कहिल्यै यस्तो सूची बनाउनु भएको छैन भने, अहिले नै किन नगर्ने? एउटा कागजको पाना निकाल्नुहोस् र दुई खण्ड बनाउनुहोस् एका तर्फ हराएका व्यक्तिहरुको नाम लेख्नुहोस् र अर्को तर्फ बचाइएका व्यक्तिहरुको नाम लेख्नुहोस्। दुवैपट्टि आफूले चिनेको व्यक्तिहरूको नाम लेख्नुहोस्। हरेक दिन उनीहरूको लागि प्रार्थना गर्ने निर्णय गर्नुहोस्। हराएका पक्षबाट पाँच जना मानिसका नामको छेउमा तारा चिन्ह ★ राख्नुहोस्, जोसँग तपाईं यस हप्ता आफ्नो गवाही बाँड्ने प्रयास गर्नुहुनेछ। आफ्ना चेलाहरूलाई पनि यही कुरा सिकाउनुहोस्! यस उपकरणको प्रभाव तुरुन्त देखिनेछ। एकपटक प्रयोग गरेर हेर्नुहोस्!

## एक गवाही



सी. एन्डरसन

मेरो "हराएका र उद्धार पाएका" को सूची

मेरो सूचीको एउटै पक्षमा छिमेकीहरू, साथीहरू, पसलमा काम गर्नेहरू आदि व्यक्तिहरूका नाम छन्। म हरेक हप्ता जाने कफि पसलमा काम गर्ने केटीको नाम पनि मेरो सूचीमा छ। मेरो भाषा सहयोगीहरूको नामहरू पनि त्यहाँ छन्। सूचीको अर्को पक्षमा अभियानका अगुवाहरू र मैले प्रशिक्षण दिएका व्यक्तिहरूका नाम छन्।

हरेक दिन म यी मानिसहरूका लागि प्रार्थना गर्ने समय बिताउँछु। म तिनीहरूको बच्चाहरूका लागि र स्वास्थ्य समस्याहरूका लागि प्रार्थना गर्छु। म प्रार्थना गर्छु कि तिनीहरूको हृदय सुसमाचारप्रति खुलोस्। अभियानका अगुवाहरूका लागि साहस र विश्वास, साथै सतावटबाट सुरक्षा पाउन् भनेर प्रार्थना पनि गर्छु। मैले यो "हराएका र उद्धार पाएका" को सूची आफ्नो बाइबलमा राखेको छु र कम्प्युटरमा पनि सुरक्षित गरेको छु। हरेक दिन यी मानिसहरूका लागि प्रार्थना गर्ने बानीले मेरो मनोभावमा ठूलो परिवर्तन ल्याएको छ। यसले मेरो फलदायी पनलाई पनि असर पारेको छ।

"आफ्नो आशामा आनन्द गरेर सङ्कष्टमा धैर्य धारण गरेर प्रार्थनामा निरन्तर लागिरहो" । रोमी १२: १२

# पाठ ५
# हामीलाई पछाडि तान्ने बाधाहरुलाई पार गर्दै जानु।



## डरमाथि विजय प्राप्त गर्नु

जब हामीले चेला बनाउने काम सुरु गर्छौं, प्राय डरको सामना गर्नु पर्ने हुनसक्छ। सुसमाचार बाँड्नु कहिलेकाहीँ डर लाग्दो हुन्छ। अस्वीकृति हुने कुराको डर, अरूलाई नराम्रो लाग्ने डर, वा के भन्ने भनेर नजान्ने डरले हामीलाई रोक्न सक्छ। तर परमेश्वरले हामीलाई डरमा बाँच्न बोलाउनु भएको होइन। उहाँको आत्माको माध्यमबाट उहाँले हामीलाई साहस दिनुहुन्छ ताकि हामी राम्रोसँग सुसमाचार घोषणा गर्न सकौं।

हामीलाई हाम्रो हृदय र दिमागमा यो सत्य थाहा हुन सक्छ, तर हामी अझै पनि डरले पिडित हुन सक्छौं। हामीलाई यसमाथि विजय प्राप्त गर्न परमेश्वरको मद्दत चाहिन्छ। हामीलाई स्वतन्त्र पार्नको लागि उहाँलाई हामीले बिन्ती गर्नुपर्छ ताकि हामी चेला बनाउने यात्रामा निडर भएर अगाडि बढ्न सकौं।

## सम्झनुपर्ने केही कुराहरू:

### १. डर स्वाभाविक हो, तर यो अन्तिम सत्य होइन।

सुसमाचार प्रचार गर्न बाहिर निस्कदा डर महसुस हुनु सामान्य हो तर हामीले यो कुरा विसर्नु हुँदैन कि डर नै अन्तिम निर्णय होइन। परमेश्वरले बुझ्नुहुन्छ कि हामीले डरको सामना गर्नुपर्छ त्यसैले उहाँले हामीलाई धर्मशास्त्रमा ३६५ पटक “नडराउ” भन्नुभएको छ। पावलले तिमोथीलाई सम्झाएझैँ परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ। (२तिमोथी १:७) परमेश्वरले हामीलाई डरपोकपनले होइन तर शक्तिले सुसज्जित गर्नुभएको छ।

### २. साहस पवित्र आत्माबाट आउँछ

शाहस हाम्रो आफ्नै शक्तिबाट आउने कुरा होइन तर यो पवित्र आत्माको वरदान हो। प्रेरित ४ अध्यायमा हेर्दा हामी पाउँछौँ जब प्रेरितहरूले विरोधको सामना गरे सुसमाचार सुनाइ रहनरे साहसको लागि तिनीहरूले परमेश्वरसँग प्रार्थना गरे र परमेश्वरले आफ्नो आत्माले तिनीहरूलाई भरिदिनुभयो र तिनीहरूको प्रार्थनाको जवाफ दिनुभयो र तिनीहरू साहसले भरिपूर्ण भए । हामीले पनि परमेश्वरसँग शाहस माग्न सक्छौँ र उहाँले हामीलाई शक्तिशाली बनाउनुहुनेछ भन्ने विश्वास गर्नसक्छौँ।

### नतिजाको लागि परमेश्वरमा भरोसा राख्नुहोस्।

मानिसहरूले सन्देशलाई कसरी प्रतिक्रिया दिने हुन् भन्ने चिन्ताबाट धेरै जसो डर आउँछ । तर परिणाम नियन्त्रण गर्नु हाम्रो जिम्मा होइन । यो परमेश्वरको काम हो। हाम्रो भूमिका भनेको इमान्दारीताका साथ सुसमाचार बाँड्नु हो र परिणामहरू परमेश्वरको हातमा छन् भन्ने कुरामा विश्वास गर्नु हो। हृदयहरू कोमल पार्ने र जीवन रूपान्तरण गर्ने कार्य परमेश्वरको हो, हामी त केवल उहाँका सन्देशवाहकहरु मात्र हौं।

## कार्य कदमहरू

1. आफ्नो जीवनमा विचार गर्ने केही समय लिनुहोस् । के तपाईं डरसँग संघर्ष गरिरहनु भएको छ? यदि छ भने, त्यो डर प्रभुको सामु प्रार्थनामा ल्याउनुहोस्। आफ्नो हृदयमा भएको कुरा उहाँसँग खोल्नुहोस्, र डरबाट निको हुन र स्वतन्त्र हुन प्रार्थना गर्नुहोस्। यदि सम्भव छ भने, यो कुरा अर्को चेला बनाउने साथीसँग मिलेर गर्नुहोस्। जब तपाईं आफ्नो डरहरू स्वीकार गर्नुहुन्छ, उनीहरूले तपाईंको कुरा सुन्न सक्छन् र तपाईंका लागि र तपाईं सँगै प्रार्थना गर्न सक्छन्।
2. डरलाई जित्नका लागि सहयोग गर्ने बाइबलका पदहरू कण्ठ गर्नुस्, जस्तै:
3. यशैया ४१:१० “यसैले नडरा, किनकि म तँसित छु। निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ। म तँलाई बलियो पार्नेछु। म तँलाई सहायता गर्नेछु।”

- मेरो धार्मिकताको दाहिने हातले म तँलाई सम्हाल्नेछु।
- २ तिमोथी १:७ "किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ।"
- १ यूहन्ना ४:१८ "प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन।"
- भजनसंग्रह ३४: ४ "मैले परमप्रभुलाई खोजें, र उहाँले मलाई जवाफ दिनुभयो, मलाई मेरा सबै डरहरूबाट छुटकारा दिनुभयो।"।
- योहोशू १: ९"तँलाई मेरो आज्ञा छ बलियो र खूबै साहसी हो, नडरा, निराश नहो, किनकि तँ जहाँ गए पनि, परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनुहुनेछ।"
- हितोपदेश २९:२५ "मान्छेको डर एउटा पासोजस्तै हो, तर परमप्रभुमा भरोसा राख्ने मानिस सुरक्षित रहन्छ।"



## निश्चित प्रकारका मानिसहरूको बारेमा हामिले कसरी सोच्छौँ भन्ने कुरा माथि विजय प्राप्त गर्ने।

अरूलाई चेला बनाउने क्रममा हामीले जित्नुपर्ने अर्को महत्वपूर्ण बाधा भनेको केही निश्चित प्रकारका मानिसहरूको बारेमा हामीले कसरी सोच्छौं भन्ने कुरासँग सम्बन्धित छ। धेरै कारणहरूले गर्दा हामी जस्तो नभएका "अरू" मानिसहरूलाई पहिले नै मूल्याङ्कन गर्ने प्रवृत्ति देखिन सक्छ। हामिले चिने जानेका मानिसहरूसँग सुसमाचार बाँड्दा सहज महसुस गर्नु स्वाभाविक हो। जस्तैः परिवारका सदस्यहरू, साथीहरू वा समान सांस्कृतिक वा सामाजिक पृष्ठभूमिका मानिसहरूसँग स्वभाविक सम्बन्ध हुन्छ। चिनजानको कारणले सुरक्षा महसुस गराउँछ। हामी सजिलैसँग तिनीहरूको अनुभवसँग आफूलाई जोड्न सक्छौं, तिनीहरूको भाषा बुझ्न सक्छौं, र प्रायः हामिलाई थाहा हुन्छ की तिनीहरूले कसरी प्रतिक्रिया जनाउने छन्।

हामीले भिन्न पृष्ठभूमि, संस्कृति वा भाषा भएका मानिसहरूसँग भेटघाट गर्दा, त्यो डर लाग्दो हुन सक्छ। कतिपय अवस्थामा, उनीहरूबाट टाढा रहनु सजिलो हुन्छ। हामी अनिश्चित महसुस गर्न सक्छौं, वा हाम्रो मनमा भएका पूर्वाग्रह वा पक्षपातहरूले हामीलाई हिचकिचाहट लाग्न सक्छ। महत्त्वपूर्ण कुरा के हो भने सुसमाचार सबैका लागि हो। केवल ती मानिसहरूका लागि मात्र होइन जहाँ हामी सजिलै पुग्न सक्ने मान्छौं। येशूले पनि ती मानिसहरूको लागि आउनुभएको हो जुन फरक देखिन्छन्, टाढा छन्, वा नजिकिन गाह्रो देखिन्छ। उहाँ त ती मानिसहरूको लागि पनि आउनुभएको हो जसलाई हाम्रो मानिसहरूले शत्रु मान्न सक्छन्।

अचेत पूर्वाग्रहहरूले हामीलाई हराएका मानिसहरूसँग सुसमाचार बाँड्नबाट रोक्न सक्छ। यी पक्षपातहरू प्रायः जाति, संस्कृति, सामाजिक वर्ग, वा जीवनशैलीमा आधारित हुन्छन्।

जाति, संस्कृति, सामाजिक वर्ग, वा जीवनशैली। शुरुमा मण्डलीले पनि यस्तो व्यवहारको सामना गरेको थियो। प्रेरित १० अध्यायमा देखिएकै जस्तै, पत्रुसले सुरुमा गैरयहूदीहरूलाई सुसमाचार बाँड्न हिचकिचाएको सम्झनुहोस्।


परमेश्वले पत्रुसलाई स्पष्ट पार्नुभयो कि कसैलाई पनि सुसमाचार सुन्न अयोग्य ठान्नु हुँदैन।

यी पूर्व निर्णयहरूलाई जित्न हाम्रो दृष्टिकोणमा परिवर्तन आवश्यक छ। हामीले मानिसहरूलाई परमेश्वरले जसरी हेर्नुहुन्छ त्यसैगरी  हेर्न सिक्नुपर्छ। हरेक व्यक्ति, जसको जस्तोसुकै पृष्ठभूमि भए पनि, परमेश्वरको दृष्टि मा मूल्यवान् छ। यदि हामी प्रेम गरेर तिनीहरूसम्म नपुग्ने हो भने, हाम्रो वरिपरिका सुसमचार नपुगेका जाति वा समूहहरूमा सुसमचारको पहुँचबाट टाढा नै रहन्छन्।

### येशूख्रिस्ट हाम्रो उदाहरण हुनुहुन्छ।

येशूख्रिष्ट हाम्रो शिद्ध उदाहरण हुनुहुन्छ। फिलिपि २:६-८ ले हामिलाई भन्छ , "परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।"

उहाँका अनुयायीहरूको रूपमा, आफूलाई नम्र बनाउन हामीलाई आह्वान गरिएको छ। हामीले आफ्नो घमण्ड र पूर्व धारणाहरूलाई किनारमा राख्नुपर्छ, ताकि हामी सबै मानिसहरूलाई उहाँको प्रेमसहित पुग्ने मिसनलाई पूर्ण रूपमा अंगाल्न सकौं।



**कार्य कदमहरु:**

- तपाईंले हरेक दिन भेट गर्ने मानिसहरूबारे केही क्षण विचार गर्नुहोस्।
- के त्यस्ता व्यक्ति छन् जोसँग केवल उनीहरू तपाईंभन्दा फरक छन् भनेर? तपाईं सुसमाचार बाँड्नबाट टाढीनु हुन्छ।
- परमेश्वरसँग प्रार्थना गर्नुहोस् कि उहाँले तपाईंभित्र भएका कुनै पनि तपाईंलाई पछिपार्ने डरहरू देखाउन सकून्, कुनै पनि दूरीलाई पार गर्न उहाँको प्रेम पर्याप्त छ भन्ने विश्वास राख्दै। ती मानिसहरूसम्म पुग्ने साहसको लागि उहाँसँग प्रार्थना गर्नुहोस्।
- आफूलाई सहज लाग्ने क्षेत्रबाहिरका मानिसहरूसँग सम्बन्ध बनाउन अवसरहरुको लागि प्रार्थना गर्नुहोस्।
- येशूले गर्नुभएको जस्तै विश्वासमा अगाडि बढ्ने प्रतिबद्धता गर्नुहोस्।
- कम्तीमा एउटा यस्तो व्यक्तिसँग सानो कदम चाल्नुहोस् जसको जाति, संस्कृति, सामाजिक वर्ग, वा जीवनशैली तपाईंभन्दा फरक छ। पहिले उनीसँग कुरा गर्न सुरु गर्नुहोस् र उनी को हुन् भन्ने बारे थप जान्न प्रयास गर्नुहोस्।